श्रोतः नयाँ पत्रिकाः २०७३/०३/१८

# अरुण तेस्रो जलविद्युत् आयोजनाः जग्गा प्राप्ति र मुआब्जा वितरणमा समस्या

व्यवस्थापिका–संसद्, कृषि तथा जलस्रोत समितिले अरुण तेस्रो जलविद्युत् आयोजनामा जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा विषयमा प्रष्ट निर्णय नहुँदा समस्या उत्पन्न भएको ठहर गरेको छ ।

समितिले गरेको स्थलतगत अध्ययनका क्रममा वातावरण प्रभाव मूल्याङ्कन र जङ्गलको रुख कटानीका लागि लामो प्रक्रियाका कारण समय लागेको उल्लेख गरेको छ । वन तथा भूसंरक्षण मन्त्रालयले वन क्षेत्रको रुख कटानसम्बन्धी स्वीकृति नदिँदा समस्या उत्पन्न भएको देखिएको छ ।

यस्तै जग्गाको हदबन्दी, रुखको सङ्ख्या, जङ्गलको जग्गाको सोधभर्ना आदिमा नीतिगत अस्पष्टताका कारण जटिलता पैदा भएको छ भने आयोजनाले माग गर्दै आएको जग्गा उपलब्ध नहुँदा निर्माण कार्य अगावै गर्नुपर्ने कामहरु समयमा हुन नसकी ढिलाइ हुँदा लागत बढ्न जाने देखिएको छ ।

समितिको प्रतिवेदनमा उल्लेख छ, ‘‘परियोजना विकासकर्ता कम्पनी एसजेभिएनका तर्फबाट डाडागाउँमा राखिएको सूचना केन्द्र ज्यादै सानो र नाम मात्रको रहेको छ ।’’

परियोजना विकासकर्ता कम्पनी सतलज विद्युत् निगमका तर्फबाट स्थानीय जनतासँग सम्बन्ध स्थापित नगरेको, जनताको सूचनामा सहज पहुँच नभएको भन्ने स्थानीयको गुनासा सम्बोधन हुनुपर्नेमा जोड दिएको छ ।

लगानी बोर्ड र सतलज विद्युत् निगमबीच २५ नोभेम्बर २०१४ मा आयोजना विकास सम्झौता (पीडीए)मा हस्ताक्षर भएको भए पनि सरकारका तर्फबाट सम्पादन हुनुपर्ने काम हुन नसक्दा परियोजनाले गति लिन सकेको छैन ।

पिडिए भएको छ महिनाभित्र कम्पनीलाई सरकारी जग्गा ‘लिज’मा उपलब्ध गराएर बाँकी जग्गा पिपिए भएको २१ महिनाभित्र उपलब्ध गराइने भनिएकामा छ महिना बितिसकेको र २१ महिनाको अवधि पनि समाप्त हुन लागेको अवस्थमा पनि कुनै प्रक्रिया अगाडि बढ्न नसक्नु दुःखद रहेको समितिको ठहर छ । आयोजनाका लागि कूल जग्गा १८० जग्गा अधिग्रहण गर्नुपर्नेछ । त्यसमा निजी जग्गा ८२ हेक्टर र सरकारी जग्गा ९८ हेक्टर रहेका छन् ।

आयोजनाका लागि आवश्यक पर्ने निजी जग्गामा रहेको हदबन्दीको प्रक्रिया शीघ्र सम्पन्न गर्न, अधिग्रहण प्रक्रिया अविलम्ब सम्पन्न गर्न तथा वन क्षेत्र तत्काल खाली गराउनेतर्फ सरकारले तत्काल निर्णय गर्न निर्देशन दिएको छ ।

यस्तै समितिले सङ्खुवासभा सदरमुकाम खाँदबारीदेखि आयोजनास्थल नुम, पाथिभरा, पावाखोला, दिदिङ, मकालु र याफुमा अरुण–३ आयोजना प्रवेश मार्ग निर्माणका लागि रेखाङ्कित क्षेत्रमा ठेकेदार कम्पनीलाई काम प्रारम्भ गर्न अविलम्ब प्रवेशाज्ञा दिनुपर्ने समितिको ठहर छ । त्यसैगरी आयोजना निर्माणका लागि आवश्यक विद्युत् उपलब्ध गराउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले समयमै निर्णय गर्नुपर्नेमा जोड दिएको छ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाको उचित र उपयुक्त मागको तत्काल यथोचित सम्बोधन गर्नुपर्ने, राष्ट्रिय महत्वको परियोजना भएकाले प्रगतिको अवस्था, काममा देखापर्ने समस्या र काममा तदारुकता अपनाउन सरोकार भएका निकायले समयमा नै अनुगमन गर्न समेत सचेत गराएको छ । समितिले परियोजना विकासकर्ता कम्पनीका तर्फबाट गर्नुपर्ने तयारीका काम पनि देखिने र महसुस हुने गरी गर्न ध्यानाकर्षण गराइएको छ ।

परियोजना विकासकर्ताका तर्फबाट स्थानीय डाँडागाउँमा रहेको सूचना केन्द्रलाई उपयुक्त स्थानमा व्यवस्थापन गर्नुपर्ने, खाँदबारीमा पनि त्यस्तो केन्द्रको व्यवस्थापन गरी सूचनामा जनताको सहज पहुँच पुर्‍याउन आग्रह गरेको छ । ९०० मेगावाट क्षमताको सो परियोजनाको लागत रु एक खर्ब चार अर्ब रहेको छ ।

जलप्रवाहमा आधारित सो आयोजना सार्वजनिक–निजी साझेदारीअन्तर्गत निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) प्रणालीमा अगाडि बढाउन लागिएको हो । सञ्चालनमा आएको २५ वर्षपछि पूर्ण सञ्चालित अवस्थमा नै निर्माणकर्ता कम्पनीले आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ । आयोजनाले स्न २०२१ मा व्यवसायिकरुपमा उत्पादन गर्ने लक्ष्य राखेको छ ।

आयोजनामा कम्तिमा तीन हजारले रोजगारी पाउने, रोजगारीको लागि स्थानीय युवालाई उच्च प्राथमिकता दिइने तथा स्थानीय औद्योगिक उत्पादन जस्तै सिमेन्ट, रड, जस्तापातालगायत सामग्री परियोजनाले खपत गर्ने भएकाले अन्य स्वदेशी उद्योगको विकासमा समेत सहयोग पुग्न देखिन्ने अध्ययन समितिका संयोजक अमृतकुमार बोहोराले जानकारी दिए ।

आयोजनास्थल सङ्खुवासभा भौगोलिक रुपमा विकट भए पनि प्राकृतिक रुपमा सुन्दर र प्रचुर सम्भावना भएको जिल्लामा पर्ने भएकाले कृषि, पर्यटन, जलविद्युत्, घरेलु उद्योगलगायत क्षेत्रमा धेरै उपलब्धि हुने र विकास पूर्वाधारमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा समितिले गरेको छ ।

समितिका सदस्य काशीनाथ अधिकारी, गङ्गादेवी डाँगी, डम्बरध्वज तुम्बाहम्फे, नवराज शर्मा, वेदमाया भडारी (शाक्य), सुधीरकुमार सिवाकोटी, तारामान गुरुङ र दीपक खड्कालगायतको टोलीले स्थलगत अध्ययन गरेको थियो ।

टोलीमा संलग्न सांसद् तारामान गुरुङले आयोजनाका विषयमा कुनै समस्या नरहेको भए पनि सरकारका तर्फबाटै गरिनुपर्ने काम सम्पादन हुन नसक्दा समस्या भएको बताए । जग्गाको विषयमा तत्काल निर्णय गरिए आयोजनाले गति लिने भएकाले त्यसतर्फ ध्यान दिन उनको आग्रह छ । रासस

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/१८

## दरमखोलाबाट विद्युत् उत्पादन

बाग्लुङ/ जिल्लाको गलकोटमा निर्माण गरिएको दरमखोला 'ए' जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको छ । साढे दुई मेगावाट क्षमताको आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा जोडिएको छ । आयोजनाका प्रबन्धक गोपाल न्युरेले व्यापारिक उत्पादन सुरु भएको जानकारी दिए । 'विद्युत् नियमित उत्पादन भइरहेको छ, यसले विद्युत्भार कटौतीलाई टेवा पुर्‍याउँछ,' उनले भने । सयपत्री हाइड्रोपावर प्रालिले तीन वर्षअघि निर्माण सुरु गरेको आयोजना ५१ करोडको लागतमा सम्पन्न भएको हो । आयोजनामा ७५ प्रतिशत लगानी गैरआवासीय नेपालीको रहेको छ भने बाँकी स्थानीय र केही निजी क्षेत्रको छ । हिल गाविसको साँदीमा आयोजनाको बाँध तथा अर्गल–७ घुस्मेलीमा विद्युत्गृह रहेको छ । उत्पादित विद्युत् ३३ 'केभिए' प्रसारण लाइनमा जोड्ने सहमति भए पनि हरिचौरमा निर्माणाधीन सब–स्टेसनको काममा ढिलाइ भएपछि ११ 'केभिए'मा जोडिएको हो ।

श्रोतः राजधानी दैनिकः २०७३/०३/१९

# सुपर दोर्दी साढे तीन वर्षभित्रै बन्ने

*जनक श्रेष्ठ*

पिपुल्स हाइड्रोपावर कम्पनीको प्रवद्र्धनमा ढोडेनी र फलेनी गाविसबीच भागबाट बग्ने दोर्दी खोलामा निर्माण कार्य सुरु गरेको छ । ४९.६ मेगावाटको सुपर दोर्दी 'ख' जलविद्युत् आयोजनाले साढे तीन वर्षभित्रै विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम सुरु गरेको छ ।

२० असोज ०७६ सालमा निर्माणको सबै कार्य पूरा गरी विद्युत् उत्पादन सुरु गरिने आयोजनाले जनाएको छ । पूर्वी लमजुङको ढोडेनी र फलेनी गाउँ विकास समितिमा पर्ने आयोजना साढे तीन वर्षमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य पिपुल्स हाइड्रोपावर कम्पनीको रहेको छ । आयोजनाको विद्युत् गृह प्रोमु खोलानजिकै ४ हजार ८ सय मिटरको भूमिगत सुरुङमार्फत ताँजे गाउँको फेदीमा रहेको लोदो र दोर्दी खोलाको दोभानमा बनाउने लक्ष्य रहेको छ । आयोजनाका निर्देशक अर्जुन गौतमले आयोजना १ हजार १६ दिनमा निर्माण कार्य सम्पन्न भई उत्पादित विद्युत् प्रसारण लाइनमा जोड्ने बताए । आयोजनाको नेपाल विद्युत् प्राधिकरणसँग माघ, ०७१ मा विद्युत् खरिद सम्झौता भएको थियो । सम्भौताअनुसार सुक्खायाममा ८ रुपैयाँ ४० पैसा र वर्षायाममा ४ रुपैयाँ ८० पैसामा सम्झौता भएको प्रवर्धक कम्पनी पिपुल्सका प्रबन्धक निर्देशक

केशवबहादुर रायमाझीले बताए । जलविद्युत् आयोजनाका लागि आवश्यक जग्गा खरिद र १२ किलोमिटरको पहुँच मार्गको ट्र्याक निर्माण सम्पन्न भइसकेको प्रवद्र्धक कम्पनी पिपुल्सका प्रबन्ध निर्देशक रायमाझीको भनाइ छ । आयोजनाको स्वपुँजी ६० प्रतिशत, प्रभावित क्षेत्रका लमजुङ जिल्लावासीको १० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत लगानी रहेको छ । सुपर दोर्दी इन्भेस्टमेन्ट कम्पनीका अध्यक्ष इजन बरालका अनुसार नविल बैंकको नेतृत्वमा ५ अर्ब ८० करोड र इक्विटी बाट २ अर्ब ४९ करोड लगानी भएको छ । आयोजना सम्पन्न गर्नका लागि करिब ८ अर्ब २९ करोड रुपैयाँ लाग्ने सम्भावना आयोजनाले गरेको छ । १ अर्ब ७५ करोड बढि सेयर रकम संकलन गरेको आयोजनाले लमजुङबाट मात्रै २५ करोडभन्दा बढी लगानी रहेको छ ।

श्रोतः कारोबारः २०७३/०३/१९

# मध्यमर्स्याङ्दीबाट पूरा क्षमतामा विद्युत् उत्पादन

वर्षात्सँगै पानीको सतह बढेपछि ७० मेगावाट क्षमताको लमजुङको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाबाट पूरा क्षमतामा विद्युत् उत्पादन भएको छ । हिउँदको समयमा ३५ मेगावाट मात्र विद्युत् उत्पादन भएको थियो ।

"मर्स्याङ्दी नदीमा पानीको मात्रा कम भएकाले मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनामा जडित ३५/३५ मेगावाट क्षमताका २ वटै टर्वाइन २४ सै घन्टा चल्न सकेका थिएनन् ।" परियोजनाका प्राविधिक रामचन्द्र गौलीले भने, "लगातार परेको वर्षाका कारण मर्स्याङ्दी नदीमा मिसिने ससाना खोलामा पानीको बहाब वृद्धि भएपछि परियोजनको विद्युत् उत्पादनमा वृद्धि भएको हो ।" रन अफ द रिभर प्रविधिको यस परियोजनामा पानी कम हुँदा पानी सञ्चित गरी उत्पादन लिनुपर्ने भए पनि वर्षात्को समयमा त्यसो गर्न नपरेको मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्रका केन्द्र प्रमुख राजेशकुमार पाण्डेले बताए । उनका अनुसार जेठको अन्तिम सातासम्म परियोजनाबाट ६५ मेगावाट विद्युत् उत्पादन भएको थियो ।

वर्षायाममा पानीको बहाब बढेपछि ७० मेगावाट क्षमताको परियोजनाबाट ८० मेगावाटसम्म विद्युत् उत्पादन हुने गरेको परियोजनाले जनाएको छ ।

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/१९

# माथिल्लो तामाकोसी निर्माण कार्यले गति लियो

भूकम्पका कारण समस्यामा परेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना निर्माण कार्यले गति लिएको छ । भूकम्पका कारण क्षतिग्रस्त काब्रे भिरमा जर्मनीबाट सुरुङ निर्माण गर्ने ब्रुमर मेसिन ल्याइएको छ । आयोजनाका प्रवक्ता गणेशप्रसाद न्यौपानेका अनुसार पहुँच मार्ग निर्माण गर्न सो मेसिनको प्रयोग भइरहेको छ ।

भूकम्पका कारण आयोजनास्थल प्रवेश गर्ने काब्रेभिरको सडक ध्वस्त भएको थियो । कडा चट्टान काटेर सडक निर्माण गर्नुभन्दा सुरुङ निर्माण गर्नु नै उपयुक्त हुने हुँदा सुरुङ निर्माण सुरु गरिएको हो । ब्रुमर मेसिनको प्रयोगले केही दिनमै सुरुङ सम्पन्न हुन्छ भन्ने विश्वास छ," उनले भने । रोड टनेल निर्माण गर्न समेत जर्मनीको ब्रुमर प्रयोग गरिएको थियो ।

उपप्रधानमन्त्री एवम् ऊर्जामन्त्री टोपबहादुर रायमाझी, व्यवस्थापिका–संसद् विकास समिति, कृषि तथा जलस्रोत समितिका सभापतिसहितको टोलीले हालै स्थलगत निरीक्षण गरी आयोजना अगाडि बढाउन निर्देशन दिएको थियो । काब्रे भिरमा सुरुङ निर्माणसँगै बाँधस्थल तथा अन्य भौतिक संरचनाको कामलाई समेत अगाडि बढाइएको छ ।

वीरगन्ज भन्सारमा थन्किएका सामग्री आयात सुरु गरिएको छ ।

नाकाबन्दीका कारण कोलकत्ता बन्दरगाह हुँदै वीरगन्ज भन्सार सामान आइपुग्न लामो समय लागेको थियो । बर्खा लागेपछि ट्रान्सफर्मर, पेनस्टक पाइपलगायत सामान आयात गर्न समस्या भएको प्रवक्ता न्यौपानेले बताए । वन तथा भू–संरक्षण मन्त्रालय र राष्ट्रिय निकुन्ज विभागको स्वीकृतिपछि प्रसारण लाइनको कामले समेत गति लिएको छ ।

गोगरदेखि खिम्तीसम्म २२० केभी क्षमताको प्रसारण लाइनमध्ये ४५ वटा टावर निर्माण गरिएका छन् भने फाउन्डेसनको काम पनि अन्तिम चरणमा पुगेको छ । भूकम्प र भारतको अघोषित नाकाबन्दीका कारण समस्यामा परेको आयोजनालाई आव २०७४/७५ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । रासस

श्रोतः कारोबारः २०७३/०३/१९

# बूढीगण्डकी डुबान क्षेत्रमा स्थायी संरचना नबनाउन निर्देशन

सरकारले बूढीगण्डकी जलविद्‌युत् आयोजनाको प्रभावित क्षेत्रमा स्थायी संरचना नबनाउन सरोकार निकायलाई निर्देशन दिएको छ ।

आयोजनाको डुबान क्षेत्रमा मध्यपहाडी राजमार्गले सडक निर्माण गरिरहेको भन्ने सूचना आएपछि सरकारले कुनै पनि स्थायी संरचना निर्माण नगर्न ध्यानाकर्षण गराएको हो । मध्यपहाडी लोकमार्गअन्तर्गत धादिङका ज्यामरुङ, त्रिपुरेश्वर र सल्यानटार खण्डमा सडक निर्माण भइरहेको छ । ती स्थान बूढीगण्डकी आयोजनाको डुबान क्षेत्रभित्र पर्ने क्षेत्र हो ।

ऊर्जा मन्त्रालयका इन्जिनियर अनुप ढुंगानाका अनुसार गत वैशाख २४ को निर्णयानुसार प्रभावित क्षेत्रमा अस्थायी संरचना निर्माण गर्न स्वीकृति दिइए पनि स्थायी संरचना निर्माण गर्न नपाइने भएको हो । आयोजना क्षेत्रको ६०० मिटरसम्मको तहमा पर्ने भएकाले उक्त क्षेत्रभित्र पुष्पलाल राजमार्गलगायत राष्ट्रिय एवम् क्षेत्रीय महत्वका पूर्वाधारसम्बन्धी संरचना निर्माण नगर्न र नयाँ स्थायी घर तथा आवास नबनाउन आग्रह गरिएको ढुंगानाले बताए ।

पछिल्लो पटक पुनर्निर्माण प्राधिकरणले आयोजना प्रभावित क्षेत्रमा अस्थायी संरचना बनाउन र भूकम्प प्रभावितलाई दुई लाख राहत उपलब्ध गराउने निर्णय गरेको भए पनि स्थायी संरचनाको स्वीकृति दिएको छैन । प्राधिकरणले यही असार १० गते प्रभावित क्षेत्रका जनतालाई दुई लाख दिने र अस्थायी संरचना निर्माण गर्न स्वीकृति प्रदान गरेको प्रवक्ता रामप्रसाद थपलियाले जानकारी दिनुभयो ।

डुबान क्षेत्रमा सरकारी भवन, विद्‌यालय तथा संघसंस्थाका नयाँ संरचनासमेत नबनाउन ऊर्जा मन्त्रालयले निर्देशन दिएको हो । आयोजना प्रभावित क्षेत्रमा स्थायी संरचना बनाउँदा लगानी, समयको क्षति र डुबान क्षेत्रमा पर्ने संरचनाको कुनै महत्व नरहने भएकाले अनावश्यक खर्च नगर्न आग्रह गरिएको हो ।

धादिङ र गोरखाका पाँच हजार घरपरिवारका करिब ४५ हजार जनता डुबान क्षेत्रमा पर्छ । फ्रान्सेली परामर्शदाता कम्पनी ट्याक्टवेलले विस्तृत आयोजना प्रतिवेदन(डीपीआर) तयार पारिसकेको तथा वातावरणीय प्रभाव मूल्यांकनको काम सम्पन्न भइसकेको छ । उक्त प्रतिवेदनमाथि सुझाव दिन आयोजनाले आग्रह गरेको छ ।

बूढीगण्डकी सरोकार समितिका अध्यक्ष होमराज ढकालले आफूहरु अस्थायी संरचना बनाउन तयार भए पनि स्थायी संरचना बनाउने पक्षमा नरहेको बताउनुहुन्छ । आयोजना विकास समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटा सरकारले भूकम्प प्रभावित जनताको भावनालाई सम्बोधन गरेर अस्थायी संरचना बनाउन दिएको जानकारी दिए । आयोजनाको डुबान क्षेत्रमा स्थायी संरचना बनाउने विषय भने स्वीकार्य नभएको देवकोटाको भनाइ छ ।

आयोजनाकै मागअनुसार प्राधिकरणले निर्णय गरेको भए पनि कुनै पनि स्थायी प्रकारको संरचना निर्माण गर्न दिन नहुने माग उठ्दै आएको छ । सरकारले आगामी आवमा सो आयोजनाका लागि पाँच अर्ब २० करोड र पूर्वाधार करमार्फत नेपाल आयल निमगले आयात गर्ने पेट्रेलियम पदार्थमा पाँच रुपैयाँ कर लगाउने प्रस्ताव गरेको छ । रासस

श्रोतः कारोबारः २०७३/०३/१९

# माथिल्लो तामाकोसी निर्माण तीव्र

भूकम्पका कारण समस्यामा परेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण अहिले तीव्र रुपमा भइरहेको छ ।

भूकम्पका कारण क्षतिग्रस्त काब्रेभिरमा जर्मनीबाट सुरुङ निर्माण गर्ने ब्रुमर मेसिन ल्याइएको छ । आयोजनाका प्रवक्ता गणेशप्रसाद न्यौपानेका अनुसार पहुँच मार्ग निर्माण गर्न सो मेसिनको प्रयोग भइरहेको छ ।

भूकम्पका कारण आयोजनास्थल प्रवेश गर्ने काब्रेभिरको सडक ध्वस्त भएको थियो । कडा चट्टान काटेर सडक निर्माण गर्नुभन्दा सुरुङ निर्माण गर्नु नै उपयुक्त हुने हुँदा सुरुङ निर्माण सुरु गरिएको हो । “ब्रमुर मेसिनको प्रयोगले केही दिनमै सुरुङ सम्पन्न हुन्छ भन्ने विश्वास छ,” उनले भने । रोड टनेल निर्माण गर्न समेत जर्मनीको ब्रुमर प्रयोग गरिएको थियो । रासस

श्रोतः नागरीकः २०७३/०३/१९

# हाइड्रोपावरमा शेयर लगानी गर्न युनिभर्सल कम्पनीको आह्वान

युनिभर्सल पावर कम्पनीले पाल्पा र रुपन्देहीका सर्वसाधारणलाई कम्पनीले निर्माण गर्न लागेको जलविद्युत् आयोजनामा शेयर लगानी गर्न आह्वान गरेको छ। कम्पनीले एक कार्यक्रमको आयोजना गरी दुई जिल्लाका उद्योगी, व्यावसायी, प्राध्यापक, संघसंस्थाका प्रतिनिधिहरुलाई कम्पनीको शेयरबिक्री खुला रहेको जानकारी दिएको छ।

कम्पनीले दोलखाको चंखु र खारे गाविसमा ११ मेगावाट क्षमताको तल्लो खारेखोला जलविद्युत् आयोजना सञ्चालन गरेको कम्पनीका वित्त व्यवस्थापक प्रभुलाल अधिकारीले जानकारी दिए। २ अर्ब ४ करोड रुपैयाँमा निर्माण गर्न लागिएको जलविद्युत् आयोजना ३ वर्षमा पूरा गरिने अधिकारीले बताए। परिवर्तनीय अग्राधिकार शेयर लगानी खुला गरेको र उक्त शेयर खरीदका लागि कम्तिमा १ लाख रुपैयाँ लगानी गर्नुपर्ने उनी बताउँछन्। वार्षिक ७ दशमलव ५ प्रतिशतका दरले निर्माणकै अवधीमा शेयर प्रतिफल दिन सकिने भएकोले सर्वसाधारणलाई निश्चिन्त भएर लगानी गर्नका लागि वित्त व्यवस्थापक श्याम खड्काले आग्रह गरे। अब एक दशक उर्जामा लगानी रहेकोले यो क्षेत्रबाट लगानीकर्तालाई आकर्षित गर्न सकिने भएकोले सर्वसाधारणको जानकारी दिलाउन पनि कार्यक्रम आयोजना गरिएको खड्काले बताए। कम्पनीले लमजुङ्ग, दोलखा, रुकुम र संखुवासभामा ४५ मेगावाटको जलविद्युत् आयोजना निर्माणधीन अवस्थामा रहेको जनाएको छ ।

श्रोतः नागरीकः २०७३/०३/१९

# प्रसारण लाइन ठेकेदारकै कब्जा

*लक्ष्मण वियोगी*

सरकार तथा सम्बन्धित निकाय कमजोर हुँदा अधिकांश निर्माणाधीन जलविद्युत र प्रसारण लाइन आयोजना ठेकेदारले कब्जा गरेर बसेका छन्।

रकम अभाव त कहिले सरकार तथा नेपाल विद्युत प्राधिकरणले सहयोग नगरेको बाहनामा ठेकेदार र तिनका दलाल (एजेन्ट) ले आयोजना नियन्त्रण गर्दै गएका हुन् । प्राधिकरणले विगत एक दशकदेखि सयभन्दा बढी प्रसारण लाइन र चार जलविद्युत आयोजना निर्माण सुरु गरेको छ तर ती कुनै पनि अहिलेसम्म पूरा भएका छैनन् ।

सुरुमा सस्तो दरमा ठेक्का हात पार्ने र पछि अनेक बहानामा काम नगर्ने भेरियसन माग्ने ठेकेदारको प्रवृति पुरानै हो । अनुगमन तथा मूल्यांकनमा कडाइ नगर्ने परिपाटीले सरकार वा कार्यान्वयन निकायभन्दा ठेकेदार तथा एजेन्ट शक्तिशाली हुने गरेको प्राधिकरणका पूर्वकार्यकारी निर्देशक सन्तबहादुर पुनले बताए ।

'नाफा कमाउने ठेक्का ओगटेर बस्ने ठेकेदारको प्रवृत्ति हो, यसको मूल्यांकन तथा सुपरिवेक्षण गर्ने निकाय मौन बस्दा आयोजना प्रभावित भएका हुन्,' उनले शनिबार नागरिकसँग भने, 'ठेकेदारको सुपरिवेक्षण गर्ने आयोजना प्रमुख र परामर्शदातालाई कारबाही गर्ने प्रणाली नहुँदासम्म समस्या समाधान हुँदैन ।'

ठेकेदारलाई गाली गरेर मात्र आयोजना नबन्ने हुँदा सरकार तथा सरकारी निकायले परामर्शदाता र आयोजना प्रमुखलाई काम नगरेको आधारमा कारबाही गर्ने हैसियत बनाउनुपर्ने पुनले बताए । 'एजेन्टले पनि आयोजना निर्माण धेरै खेल खेलेका हुन्छन्, प्रधानमन्त्री, मन्त्री, सचिवदेखि आयोजना प्रमुख एजेन्टकै इशारामा चल्छन्,' उनले भने, 'यसमा ठेकेदार वा एजेन्टभन्दा सरकार गैरजिम्मेवार हुनुको परिणाम हो ।'

१३२ केभी काबेली करिडोर, २०० केभी हेटौंडा–भरतपुर , भरतपुर–बर्दघाट र ढल्केबर सबस्टेसन, चिलिमे–त्रिशूलीलगायत दर्जन प्रसारण लाइन दुई÷तीन वर्षअघि नै पूरा हुनुपर्नेमा अहिलेसम्म ५० प्रतिशत काम पनि भएको छैन । यी अधिकांश आयोजनाका नेपाली एजेन्ट एउटै छन् । तिनले प्राधिकरण उच्च अधिकारीदेखि मन्त्री र सचिवसम्म प्रभावमा पारेर आयोजना पूरा हुन नदिएको प्राधिकरणकै अधिकारी बताउँछन् ।

यसैगरी, ६० मेगावाटको माथिल्लो त्रिशूली–३ 'ए', ३० मेगावाटको चमेलिया, १४ मेगावाटको कुलेखानी तेस्रो र ३२ मेगावाटको राहुघाट एक दशकदेखि रुग्ण छन् । 'यी आयोजना पूरा नहुनुमा सरकार त दोषी छँदैछ, त्यतिकै दोषी एजेन्ट, ठेकेदार र परामर्शदाता छन्,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'सचिव, मन्त्रीदेखि प्रधानमन्त्रीका दैलासम्म एजेन्ट पुग्छन्, ती निकाय पनि एजेन्टका इशारामा चलेपछि काम हुन सक्दैन ।'

जलविद्युत वा प्रसारण लाइन आयोजनाको ठेक्का प्रक्रियादेखि नै दलालको चलखेल हुन्छ । तिनै दलालको प्रलोभनमा कतिपय ठेक्काको प्रक्रिया निश्चित ठेकेदारले पाउने गरीसमेत तयार गरिएको हुन्छ । १३२ केभी सोलु कारिडोरको ठेक्काको सुरुमा तत्कालीन ऊर्जा मन्त्री राधा ज्ञवाली र सचिव राजेन्द्रकिशोर क्षत्रीले एजेन्टको दबाबमा तय भएको मापदण्ड प्राधिकरणलाई फेर्न लगाएका थिए । यसमा त्यहाँका केही उच्च अधिकारीले नोट अफ डिसेन्टसमेत लेखेका थिए ।

ठेक्का दिन मापदण्ड परिर्वतन गरिएको भारतीय ज्यागुअर कम्पनी नै आयोग्य भएपछि सचिव र मन्त्रीकै भाषा फेरिएको थियो । यसरी ठेक्काको सुरुदेखि नै एजेन्टले मन्त्री, सचिव र सम्बन्धित निकायका उच्च अधिकारीलाई प्रभाव पार्दा आयोजना रुग्ण हुने वा नबन्ने अवस्था उत्पन्न हुने गरेको छ ।

थानकोट–चापागाउँ–भक्तपुर १३२ केभी प्रसारण लाइनको काम सुरु भएको झन्डै दुई दशक पुग्न लाग्यो तर यो अझै पूरा भएको छैन । यसमा सुरुमा एजेन्ट र ठेकेदारका कारण काम हुन सकेन भने अहिले सरकारले चापागाउँमा जग्गा अधिग्रहण गर्न चासो नदेखाएपछि अलपत्र छ । यस्तै, खिम्ती–ढल्केबर २२० केभी प्रसारण लाइन डेढ दशकदेखि पूरा हुन सकेको छैन । यो लाइन नबन्दा वार्षिक १० मेगावाट बराबरको बिजुली खेर गइरहेको प्राधिकरणले जनाएको छ । सुरुमा अनेक बहानामा ठेक्का हत्याउने र पछि काम नगर्ने ठेकेदारको परिपाटीले जलविद्युत आयोजना तथा प्रसारण लाइन समयमा बन्न नसकेको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले बताए । 'प्राधिकरणले सहजिकरण गरेन भन्ने ठेकेदारको आरोप हुन्छ तर ती यहाँका एजेन्टले जे जे भन्छन् त्यही गर्छन्,' उनले भने, 'हेटौंडा–भरतपुर, भरतपुर–बर्दघाट, काबेली करिडोरलगायत प्रसारण लाइनमा वनको खासै समस्या छैन तर काम हुन सकेको छैन ।'

प्राधिकरणका केही इन्जिनियर भने भरतपुर–बर्दघाटमा ५० प्रतिशत काम भए पनि रुख कटान समस्याले काम अघि बढ्न नसकेको बताउँछन् । १३२ केभी सिंगटी–लामोसाँघु, डुम्रे–दमौली मस्र्याङ्दी, मोदी–लेखनाथलगायत सयौं प्रसारण लाइन अहिले अलपत्र छन् । प्राधिकरण तथा सरकारको उदासिनता, एजेन्टका खेल र परामर्शदाताका कारण दशकौंसम्म प्रसारण लाइन बन्न नसकेको प्राधिकरणकै अधिकारी स्विकार्छन् ।

काबेली करिडोरमा एक हजार मेगावाटका आयोजना निर्माणाधीन छन् । प्रसारण लाइन एकातिर बिजुली खेर जाँदा राज्यलाई करोडौं घाटा हुने र लोडसेडिङको मार खेप्नुपर्ने अवस्था उत्पन्न हुने देखिन्छ । यस्तै हेटौंडा–भरतपुर, भरतपुर–बर्दघाट उत्पादित बिजुली पूर्व–पीश्चम प्रसारण गर्ने मेरुदण्ड हो । यही प्रसारण नबन्दा बर्खामा पूर्ण क्षमता उत्पादन हुँदा प्राधिरकणले १ सय ४४ मेगावाटको कालीगण्डकी 'ए', ७० ममेगावाटको मध्यमस्र्याङ्दी र ६९ मेगावाट मस्र्याङ्दीको बिजुली कटौती गरेको छ ।

प्रसारण लाइन निर्माणमा विभिन्न ठेकेदारले काम जिम्मा लिएका छन् तर ६÷७ ठेकेदारका लागि एउटै एजेन्टले काम गर्दा समयमा पूरा भएका छैनन् । चमेलियामा खुम्चिएको सुरुङ पुनर्निर्माणमा अनियमितिता भएको भन्दै संसदको सार्वजनिक लेखा समितिले काम रोक्न निर्देशन दिएको थियो । अहिले काम सुचारु गर्न निर्देशन दिएर प्राधिकरणले भुक्तानी निकासा गर्दासमेत काम सुरु भएको छैन । चिनियाँ ठेकेदार चाइना गेजुबा ग्रुप कर्पोरेशन (सिजिजिसी) ले केन्द्रिय कार्यालयले निर्देशन नदिँदासम्म काम गर्न नसकिने जनाएको छ । ठेकेदारलाई एजेन्टले उचालेको प्राधिकरण अधिकारीको तर्क छ ।

श्रोतः नागरीकः २०७३/०३/२०

# अरुण तेस्रो जलविद्युत अायाेजनाका लागि जग्गा प्राप्ति प्रक्रिया सुरु

सरोकार निकायको चर्को दबाबपछि अरुण तेस्रो जलविद्युत् आयोजनाले केही दिनभित्रै आवश्यक निजी जग्गा प्राप्त गर्ने भएको छ।

सङ्खुवासभा जिल्ला प्रशासन कार्यालयले आज आयोजना प्रभावित क्षेत्रका चार गाविसको निजी जग्गाका किनबेच गर्न नपाउने र मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया सुरु गरेपछि जग्गा प्राप्तिको विषय अगाडि बढेको हो। स्थानीय प्रशासनले नुम गाविसका १४७, पाथीभराका ५०, दिदिङका १०६, याफूका ८२ परिवारको जग्गाको कारोबार रोक लगाएको छ भने सात दिनभित्र जग्गाको दाबी गर्नसमेत आग्रह गरेको छ।

जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालयले सात दिनको म्याद दिएर आफ्नो जग्गा प्राप्त गर्न नसक्नुको कारण खोली निवेदन दिन समेत आग्रह गरेको छ। प्रशासनले सूचना प्रकाशित भएको मितिदेखि नै अधिग्रहण गरिने जग्गा रोक्का रहने हुँदा उक्त क्षेत्रमा कुनै पनि संरचना थप्ने कार्य नगर्नु÷नगराउनु हुन सम्बद्ध पक्षलाई आग्रह गरेको छ।

व्यवस्थापिका–संसद्को कृषि तथा जलस्रोत समितिले केही समय पहिले गरेको स्थलगत अध्ययनका क्रममा जग्गा प्राप्तिको विषय समस्याका रुपमा देखेको थियो। प्रमुख जिल्ला अधिकारी खुमकान्त आचार्यले आयोजनामा जग्गा पर्ने नपर्नेबारे पत्ता लगाउन स्थानीयवासीलाई सार्वजनिक सूचनामार्फत जानकारी गराइएको बताए। गर्दै प्रजिअ आचार्यले दाबी विरोध भए आवश्यक प्रक्रिया मिलाएर गृह मन्त्रालयलाई जानकारी गराइने र आयोजनाका लागि मार्गप्रशस्त गरिने उल्लेख गरे।

पहिलो चरणमा ४९।७५ हेक्टर जग्गाको हकमा सार्वजनिक सूचना प्रकाशित गरिएको र वन क्षेत्रको जग्गाका सम्बन्धमा जिल्ला वन कार्यालयले वन तथा भूसंरक्षण मन्त्रालयलाई आवश्यक निर्णयका लागि पठाएको छ। लगानी बोर्डका उपसचिव खगेन्द्र रिजालका अनुसार अरुण तेस्रो आयोजना अगाडि बढाउन सूचनाले महत्वपूर्ण काम गरेको बताए। “अब सरकारी जग्गा प्राप्तिको प्रक्रिया पनि अगाडि बढ्छ,” उनले भने। संसदीय समितिले वन क्षेत्रको जग्गा प्राप्तिको विषय सबैभन्दा जटिल रहेको ठहर गरेको थियो।

वन तथा भूसंरक्षण मन्त्रालयको वन उद्यम विभागले आयोजनाको हकमा कुनै अवरोध नगरेको र प्रक्रिया अगाडि बढाएको जनाएको छ। संसदीय समितिले लगानी बोर्ड र सतलज विद्युत् निगमबीच २५ नोभेम्बर २०१४ मा आयोजना विकास सम्झौता (पिडिए)मा हस्ताक्षर गरिएको भए पनि सरकारका तर्फबाट सम्पादन हुनुपर्ने काम हुन नसक्दा परियोजनाले गति लिन नसकेको जनाएको थियो।

पिडिए भएको ६ महिनाभित्र कम्पनीलाई सरकारी जग्गा लिजमा उपलब्ध गराएर बाँकी जग्गा पिडिए भएको २१ महिनाभित्र उपलब्ध गराइनेछ भनिएकामा उक्त समय अवधि सकिन लाग्दा समेत प्रक्रिया अगाडि बढ्न नसक्नु दुःखद् रहेको समितिले ठहर गरेको छ। समितिको सोही ठहरपछि स्थानीय प्रशासनले निजी जग्गाको विषयमा आवश्यक प्रक्रिया अगाडि बढाएको हो।

अरुण तेस्रोको विकासकर्ता सतलज विद्युत् निगम ९एसजेभिएन अरुण तेस्रो पावर डेभलपमेन्ट कम्पनीका नेपाल प्रतिनिधि हरेराम सुवेदीले आयोजना अगाडि बढाउन मार्ग प्रशस्त भएको बताए। उनले वन क्षेत्र र सरकारी जग्गाको विषयमा पनि प्रस्ट निर्णय भए आगामी फ्रेबुअरीभित्र निर्माण प्रक्रिया सुरु गर्न आफूहरुलाई सहज हुने बताए।

जग्गाको विषयमा कुरा मिल्न नसक्दा विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानीको प्रत्याभूति दिलाउन सकेका थिएनन् । निजी जग्गाको विषयमा निर्णय भएपछि रकम जुटाउनसमेत आफूलाई सहज भएको जानकारी दिँदै सुवेदीले आगामी साउनको अन्त्यसम्म जग्गाको सबै काम सम्पन्न हुने विश्वास व्यक्त गरे।
विकासकर्ता सतलज विद्युत् निगम भारतको सरकारी निजी साझेदारीको कम्पनी भएकाले लगानीको विषयमा कुनै समस्या नरहेको बताइएको छ । स्थानीयवासीसमेत आयोजनाको पक्षमा रहेको पाइएकाले परियोजना सहज रुपमा अगाडि बढ्ने सुवेदीको भनाइ छ । विकासकर्तासँग स्थानीयवासीले आफूहरुलाई चित्त बुझाएर जग्गा लिन आग्रह गर्दै आएका छन् । रासस

श्रोतः नागरीकः २०७३/०३/२०

# पञ्चेश्वर टार्दै भारत

*लक्ष्मण वियोगी*

पञ्चेश्वर विकास प्राधिकरण (पिडिए) को गभर्निङ बडी बैठक छल्न अनेकौं बहाना देखाउँदै आएको भारतीय पक्षले यसपालि पनि पुरानै प्रवृत्ति दोहोर्याएको छ। भारतीय जलस्रोत सचिव शशि शेखर कार्यव्यस्तता देखाउँदै आउन नमानेपछि सोमबार पोखरामा हुने भनिएको गभर्निङ बडीको चौथो बैठक पनि सर्ने निश्चित भएको छ।

नेपालका ऊर्जा र भारतीय जलस्रोत सचिवले बैठकको अध्यक्षता गर्ने पिडिएमा प्रावधान छ । भारतीय पक्षले सचिवको ठाउँमा अतिरिक्त सचिवलाई जिम्मेवारी दिएर पठाएपछि रद्द गरिने भएको नेपालका तर्फबाट बैठकमा सहभागी हुन गएका एक सदस्यले पोखराबाट जानकारी दिए ।

'सचिव तहको पूर्ण बैठक नहुने भयो तर अतिरिक्त सचिवको उपस्थितिमा केही छलफल हुन सक्छ,' ती सदस्यले आइतबार नागरिकसँग भने, 'सचिव तहको बैठकमा अतिरिक्त सचिव आएपछि एक त 'प्रोटोकल' मिलेन, अर्को उच्च तहमा हुने निर्णय हुन सक्दैन । यसैले बैठक सर्ने भएको छ ।'

गभर्निङ बडीको तेस्रो बैठक पनि भारतकै कारण दुईपटक सरेको थियो । २०७२ पुस ७ र ८ गते काठमाडौंमा हुने भनिएको तेस्रो बैठक त्यति बेला भारतीय जलस्रोत सचिव प्रधानमन्त्री नरेन्द्र मोदीसँग अस्टे«ेलिया जानुपर्ने भन्दै माघ २० र २१ गतेका लागि तोकिएको थियो । तर, यो मिति पनि सारेर बैठक फागुनमा पु¥याइएको थियो ।

दुवै पक्षलाई पूर्वजानकारी दिएर वा समय लिएर नै बैठकमिति निर्धारण गरिए पनि भारतीय पक्षले सधैं अन्तिम समयमा अनेक बहाना झिक्ने गरेको ऊर्जा मन्त्रालयकै अधिकारी बताउँछन् । 'बैठक हुने निश्चित भएपछि अन्तिम समयमा नआउनु भारतको हेपाहा प्रवृत्ति हो,' ती अधिकारीले भने, 'सचिव तहको बैठकमा अतिरिक्त सचिव पठाएर नेपाललाई तल पार्न खोजेको देखिन्छ, यो सार्वभौम राष्ट्रलाई मान्य हुँदैन।' भारतका तर्फबाट जलस्रोत सचिव नआएपछि नेपालले नै बैठक नगर्ने निर्णय गरेको ती अधिकारीले बताए।

बैठक रद्द भएको वा सरेको विषयमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत महेन्द्रबहादुर गुरुङसँग जिज्ञासा राख्दा उनले प्रस्ट जानकारी दिएनन् । 'बैठक हुन्छ–हुन्न अहिले नै भन्न सकिन्न, यस विषयमा भोलि (सोमबार) मात्र कुरा गरौंला,' उनले भने । पञ्चेश्व बहूद्देश्यीय आयोजना निर्माणमा भारतकै चासो नभएकाले बैठक सर्न लागेको मन्त्रालयका अधिकारीको तर्क छ ।

बैठकमा आर्थिक तथा प्रशासनिक व्यवस्थापनलगायत विषयमा छलफल हुने तयारी थियो । शुक्रबार र शनिबार (असार १७ र १८) मा दुवै देशका ऊर्जा र जलस्रोत सहसचिवस्तरीय समिति बैठक बसेर गभर्निङ बडी बैठकका लागि एजेन्डा तय गरिएको थियो ।

बैठकमा जनशक्ति भर्ना तथा व्यवस्थापन, संरचनागत व्यवस्था, जनशक्तिसम्बन्धी नीतिलगायत थप विषयमा छलफल हुने भनिएको थियो । भारतकै कारण प्राधिकरण कार्यसमिति अहिलेसम्म पूर्ण भएको छैन । पिडिए गठन हुँदा नेपाल र भारतबाट ४÷४ अधिकारी रहने प्रावधान बनाइएको थियो । नेपालका तर्फबाट चारै जनाको नियुक्ति भए पनि भारतले वित्तीय क्षेत्र हेर्ने कार्यकारी निर्देशक पठाएको छैन ।

प्राधिकरणमा सिइओ गुरुङसहित कानुन, वातावरण तथा व्यवस्थापन हेर्ने कार्यकारी निर्देशक रुद्रप्रसाद सिटौला, दिलिपकुमार सडौला र बाबुराम अधिकारी नियुक्त भएका छन् । यस्तै भारतका तर्फबाट अतिरिक्त सिइओ एचके

साहुसहित प्राविधिक र पुनःस्थापन तथा पुनर्वास हेर्ने कार्यकारी निर्देशक एके खा¥या र एम लाल नियुक्त भएका छन् ।

महाकाली नदीको शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर आयोजना विकास गर्ने गरी २०५२ साल माघ २९ गते दुई सरकारबीच महाकाली सन्धि भएको थियो । पञ्चेश्वरमा भारतको चासो बढी भएकाले नेपालको मात्र प्रयासले आयोजना निर्माण सम्भव थिएन ।

आयोजना बन्ने कि नबन्ने भन्ने विवादमै २० वर्ष बित्यो । यो आयोजना नेपालभन्दा भारतले चाहेको खण्डमा मात्र निर्माण हुने यस क्षेत्रका जानकारले बताउँदै आएका छन् । यद्यपि, २०७१ साउन १८ गते भारतीय प्रधानमन्त्री मोदीले नेपालको संविधानसभा बैठकमा आवश्यक काम पूरा गरेर एक वर्षभित्र निर्माण सुरु हुने उद्घोष गरेका थिए।

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/२१

## पञ्चेश्वर विकास प्राधिकरणको बैठक पोखरामा

*रोहितराज पराजुली*

पञ्चेश्वर विकास प्राधिकरणको गभर्निङ कमिटीको बैठक सोमबारदेखि पोखरामा सुरु भएको छ । भारत र नेपालका प्रतिनिधि सहभागी बैठक मंगलबारसम्म चल्नेछ । प्रत्येक ३/३ महिनामा हुने बैठक यसअघि गत मार्चमा काठमाडौंमा सम्पन्न भएको थियो ।

बैठकमा प्राधिरकणको व्यवस्थापन सम्बन्धमा केन्द्रित रहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. महेन्द्र गुरुङले जानकारी दिए । गुरुङका अनुसार योजनाको वैधानिकता कस्तो हुने, संस्था चलाउनका लागि आवश्यक मानव संसाधन कसरी व्यवस्थापन गर्ने र नीतिनियम कस्तो बनाउने भन्ने विषयमा बैठक केन्द्रित रहेको छ । बैठकको नेपालका तर्फबाट ऊर्जा मन्त्रालयका सचिव सुमन शर्मा तथा भारतका तर्फबाट जलस्रोत मन्त्रालयका अतिरिक्त सचिव युपी सिंहले बैठकको नेतृत्व गरेका छन् ।

नेपाल र भारतको सीमामा पर्ने महाकाली नदीमा बन्ने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको बाँध स्थल सन् १९५६ मा नै भारतीय पक्षले पहिचान गरेको थियो । सुरुमा सन् १९७१ मा तयार गरिएको आयोजना प्रतिवेदनमा १ हजार मेगावाट विद्युत् उद्पादन गर्ने क्षमताको देखिएको थियो ।

त्यसपछि सन् १९९१ मा आयोजनाको बाँध ३ सय १५ मिटर बनाउँदा कुल विद्युत् उत्पादन ६ हजार ४ सय ८० मेगावाटसम्म गर्न सकिने देखिएको थियो । सन् १९९५ मा यस आयोजनाको नेपालतर्फबाट विस्तृत आयोजना प्रतिवेदन डिपिआर बनेको थियो । सीमामा पर्ने नदी भएका कारणले आयोजना सम्पन्न गर्न नेपाल र भारतको द्विपक्षीय सहमति आवश्यकसागै विविध चरणमा दुई पक्षबीच आयोजना सञ्चालनका लागि पटक–पटक वार्ताहरू भएका थिए ।

नेपाल सरकार तथा भारत सरकारबीच महाकाली नदीको शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर योजना सम्बन्धमा २९ माघ ०५२ मा सन्धि सम्पन्न भएपछि यो आयोजना द्विराष्ट्रिय लगानीमा संयुक्त रूपमा सञ्चालन गर्ने निर्णय भएको थियो । ९ मंसिर ०६६ मा नेपाल सरकारको जलस्रोत मन्त्रालयका सचिव तथा भारत सरकारको जलस्रोतको संयुक्त समितिको बैठकमा पञ्चेश्वर विकास प्राधिकरणको गठन गरी विस्तृत योजना प्रतिवेदन तथा अन्य आवश्यक कार्य सम्पन्न गर्ने सहमति भएको थियो ।

द्विपक्षीय रूपमा आयोजनाले गति लिई नसकेको भए पनि, नेपाल सरकारका तर्फबाट आयोजनालाई सकेसम्म जनताको पक्षमा राख्न यस पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाले हरसम्भव प्रयासहरू गर्दै आएको छ । आयोजनाको सुरुको उत्पादन ६ हजार ४ सय ८० मेगावाटसम्म गर्न सकिने देखिएको भए पनि हाल घटाएर ४ हजार ८ सय मेगावाट बनाइएको समेत गुरुङले जानकारी दिए ।

विद्युत् उत्पादनका लागि महाकाली नदीको दुवै किनारा नेपाल तथा भारतमा १ र १ भूमिगत विद्युत्गृह निर्माण गर्ने ५ सय ४० मेगाबाट उत्पादन गर्ने गरी १२ वटा इकाइहरू निर्माण गर्ने दुवै पक्षबीच यसअघि नै सम्झौता भइसकेको छ ।

श्रोतः नागरीकः २०७३/०३/२१

# विद्युत महसुल वृद्धि अर्थतन्त्रका लागि प्रतिकूल

निजी क्षेत्रले साउन १ गतेदेखि बढाउने भनेको विद्युत महसुलले अर्थतन्त्रलाई झन् अप्ठेरोमा पार्ने बताएको छ। विद्युत महसुल निर्धारण आयोगले साउन १ गतेदेखि लागू हुने गरी मौजुदा विद्युत महसुल औसत १९ प्रतिशतले वृद्धि गरेको छ। सन् २०२२ सम्म नेपाललाई विकासशील मुलुकमा पुर्‍याउने र सन् २०३० सम्ममा दिगो विकाससहित राष्ट्रलाई मध्यम आयस्तर भएको देशहरुको समूहमा पुर्‍याउने घोषित लक्ष्य प्राप्त गर्न यसले अवरोध गर्ने नेपाल उद्योग परिसंघले जनाएको छ।

पोहोर वैशाखको विनाशकारी भूकम्प, ५ महिने दक्षिणी सीमामा भएको अवरोध, सरकारको न्यून पँूजीगत खर्च, संक्रमणकालीन व्यवस्थाको अन्योलले थिचिएर आर्थिक मन्दीमा रहेको अर्थतन्त्र र औद्योगिक विद्युतको चरम अभावका कारण बन्द प्रायः अवस्थामा रहेका उद्योगलाई बचाई अर्थतन्त्रलाई चलायमान बनाउन उद्योग क्षेत्र र उपभोक्ताको विद्युत महसुल यथावत राख्न निजी क्षेत्रले सरकारसँग माग गरेको छ।

लामो समयदेखि सामाजिक जीवन र समग्र अर्थतन्त्र लोडसेडिङको मारबाट ग्रस्त रहेकोमा झन् सरकारले निर्माणाधीन जलविद्युत आयोजनालाई छिटोभन्दा छिटो सकाउन मद्दत गरेर नियमित विद्युत आपूर्ति गर्नेतर्फ पहल गर्नुपर्नेमा सरकार उद्योगीको डाढ भाँच्ने र उपभोक्तामाथि महँगीको भार थप्ने काममा लागेको परिसंघको गुनासो छ।

कमजोर पूर्वाधार, प्राधिकरणको व्यवस्थापकीय कमजोरी र राजनीतिक अस्थिरताको मारमा पर्दा औद्योगिक क्षेत्रको विकास अत्यन्त न्यून रहेको सन्दर्भमा विद्युत महसुल वृद्धिले औद्योगिक उत्पादनको लागत वृद्धि भई प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने परिसंघले जनाएको छ। यस्तै, विद्युत महसुल बढ्दा उत्पादन लागत पनि बढ्ने भएकोले दोहोरो अंकमा रहेको मुद्रास्फिकतीलाई यस्ले अझै बढावा दिने निश्चित रहेको निष्कर्ष परिसंघको छ। रेमिटेन्सको न्यून वृद्धि, विस्तारकारी बजेट, भयावह रुपमा वृद्धि भइरहेको व्यापार घाटा र बढ्दो उपभोगले अर्थतन्त्रमा चाप परिरहेको बेला विद्युत महसुल वृद्धिले यसलाई थप समस्यातर्फ उन्मुख गर्ने निजी क्षेत्रको ठहर छ।

नेपाल विद्युत प्राधिकरणको आन्तरिक क्षमता वृद्धि गरी यसलाई मुनाफामा लैजाने विकल्पमा प्रवेश नगरी विद्युत महसुल निर्धारण आयोगले अव्यवहारिक रुपले उपभोक्ता, व्यवसाय र उद्योगमा पर्न जाने प्रतिकूल असरको अध्ययन नै नगरी विद्युत महसुल वृद्धि गरेको परिसंघले जनाएको छ। यसमा निजी क्षेत्रको असहमति रहेको पनि विज्ञप्तिमा उल्लेख छ।

करिब २८ प्रतिशतका दरले भइरहेको विद्युत चुहावट नियन्त्रण, चुस्त कर्मचारीतन्त्रको सिर्जना, सञ्चालन खर्च न्यूनीकरण, संस्थागत सुशासन बहाली र रणनीतिक योजनाको सफल कार्यान्वयनबाट विद्युत प्राधिकरणको समष्टिगत क्षमता अभिवृद्धि गर्न सकेको खण्डमा महसुल वृद्धिजस्तो कठोर कदम चाल्नु पर्दैन भन्ने सल्लाह दिँदै परिसंघले प्राधिकरणलाई यसतर्फ ध्यान दिन आग्रह गरेको छ।

'विद्युतको आपूर्ति बढ्न नसकेको, उद्योगहरुलाई नियमित विद्युत आपूर्तिको लागि औद्योगिक फिडरको माग परिसंघबाट गरिए पनि धेरैजसो उद्योगमा सोको व्यवस्था हालसम्म पनि नभएको, औद्योगिक फिडर भएका क्षेत्रमा पनि १२ घन्टाभन्दा बढी लोडसेडिङ भइरहेको, आपूर्ति भएको ऊर्जा न्यून गुणस्तरीय भएको तथा प्राधिकरणको सुधारमा काम नभएको अवस्थामा विधुत महसुल वृद्धिको औचित्य देखिँदैन,' परिसंघले भनेको छ।

वार्षिक ५ प्रतिशतका दरले विद्युत महसुल बढाउन पाउने कानुनी व्यवस्था विपरीत ठूलो दरले बढाउनु कानुन सम्मत नभएको भन्दै निजी क्षेत्रले सरकारले उपभोक्ताका लागि महसुल बढाएको अनुपातमा विद्युत उत्पादकबाट खरिद गर्ने बिजुलीको मूल्यमा पुनरावलोकन गरेको भए विद्युतमा लगानी गर्न प्रोत्साहन हुने पनि जनाएको छ।

अन्नपुर्ण पोष्ट: २०७३/०३/२१

# मन्त्रिपरिषद्बाट डलरमा पीपीए गराउने तयारी

*विकास थापा*

उपप्रधान तथा ऊर्जामन्त्री टोपबहादुर रायमाझीले देशकै जडित क्षमताभन्दा ठूलो आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) मन्त्रिपरिषद्बाट डलरमा गराउन प्रक्रिया सुरु गरेका छन् ।

रायमाझीले विद्युत् प्राधिकरणका सबै विधिवत् संयन्त्रलाई बाइपास गर्दै तिला १ (४४० मेगावाट) र तिला २ (४२० मेगावाट) को पीपीए मन्त्रिपरिषद्बाट डलरमै गराउन ऊर्जा मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरेर प्रक्रिया सुरु गरेका हुन् ।

यी दुई आयोजनाको प्रवद्र्धक अमेरिकी कम्पनी इन्भेस्टबैंक कर्पको परामर्शदाताले पीपीएका लागि ऊर्जामन्त्रीसमक्ष बनिबनाउ प्रस्ताव पेस गरेपछि रायमाझीले मन्त्रीस्तरीय निर्णय गरी ऊर्जाका सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेका हुन् । समितिका संयोजक चटौतले उसको प्रस्तावउपर अध्ययन गरी थप विवरण माग गरिएको बताए । 'हामीले ऊर्जा उत्पादन, लागत, आयोजनासम्बन्धी जानकारीलगायत विवरण लिखित रूपमा माग गरेका छौं', चटौतले सोमबार अन्नपूर्णसँग भने, 'समितिलाई उसको आयोजनाको पीपीए दरभाउमात्र तय गर्ने कार्यादेश (म्यान्डेट) छ ।' समितिले पीपीए दर तोकेर मन्त्रीसमक्ष पेस गर्ने र ऊर्जामन्त्रीले मन्त्रिपरिषद्मा लगेर पारित गराउने तयारी भएको छ । मन्त्रालय स्रोतका अनुसार परामर्शदाताको प्रस्ताव सदर गर्ने गरी समिति गठन गरिएको थियो । समितिमा रहेका प्राधिकरणका सदस्यले देशको प्रणालीभन्दा ठूलो आयोजनाको डलरमा पीपीए हुन नसक्ने भन्दै विरोध गरेपछि मन्त्रिपरिषद्समक्ष प्रस्ताव लैजान ढिलाइ भएको हो ।

समितिमा प्राधिकरणका तर्फबाट विद्युत् व्यापार विभागका प्रमुख प्रबल अधिकारी र अर्थका विदुर ढुंगानालाई राखिएकोमा ढुंगानाले आफू नबस्ने भन्दै असहमति जनाएपछि उनको ठाउँमा अनिल राजभण्डारीलाई राखिएको छ ।

प्राधिकरण ऐन, नियमावली र स्थापित संयन्त्रलाई बेवास्ता गरी सीधै मन्त्रालयबाट पीपीए गर्न लागिएको ती आयोजनाको विद्युत् विशेष गरेर वर्षायाममा खपत हुन नसक्ने अडान राख्दै आएका प्राधिकरणको योजना निर्देशनालयका उपकार्यकारी निर्देशक राजीव शर्मालाई हटाएर उनको ठाउँमा जगदीश्वरमान सिंहलाई ल्याइएको छ । समितिका अन्य सदस्यमा ऊर्जा मन्त्रालयका सुपरिटेन्डेन्ट इन्जिनियर (सहसचिव) सन्दीपकुमार देव, मन्त्रालयकै सीडीई श्यामकिशोर यादव र कानुनका उपसचिव विष्णु अवस्थी छन् ।

भारतीय कम्पनी केएसके इनर्जी भेन्चर्सले २०६२÷६३ को जनआन्दोलनपछि गठित सरकारको पालामा भारत निकासी गर्ने गरी तिला १ र तिला २ को लाइसेन्स लिएको थियो । उसले गत वर्ष आफ्नो ७० प्रतिशत सेयर अमेरिकामा मुख्यालय रहेको बहुराष्ट्रिय कम्पनी इन्भेस्टबैंक कर्पलाई बेचेको थियो ।

अमेरिकी कम्पनीले नेपालस्थित अमेरिकी सहयोग नियोग (यूएसएआईडी) ले आफ्नो परामर्शदातामार्फत ऊर्जामन्त्रीसमक्ष यी दुवै आयोजनाको डलरमा पीपीए गर्ने प्रस्ताव गरेको थियो । प्रस्तावमा प्रतियुनिट ८ अमेरिकी सेन्ट (आठ रुपैयाँभन्दा बढी) उल्लेख छ ।
यी दुवै आयोजनाको जडित क्षमता ८६० मेगावाट छ भने देशकै सञ्चालनमा रहेको जडित क्षमता ८१५ मेगावाट छ । यी दुवै आयोजनाको सर्वेक्षण अनुमतिपत्र (लाइसेन्स) जारी गर्दा तत्कालीन सरकारले 'निर्यात प्रयोजनका लागि' भनेर दिएको थियो ।
अघिल्लो साता नेपाल भारत ऊर्जा सचिवस्तरीय संयुक्त स्थायी समिति (जेएससी) को बैठकले पारित गरेको 'इन्डो–नेपाल ट्रान्समिसन लाइन इभ्याकुएसन मास्टर प्लान' मा तिला १ र तिला २ लाई 'निकासीमूलक आयोजना' का रूपमा उल्लेख गरिएको छ । गुरुयोजनामा सन् २०२५ मा नेपालबाट तिला १ र तिला २ सहित नेपालबाट २५ हजार मेगावाट बिजुली भारत निकासी हुने उल्लेख छ । 'दुवै देशको सचिवस्तरीय संयन्त्रले पारित गरेको गुरुयोजनामा रहेको बिजुली नेपालमा डलरमा पीपीए गर्न खोज्नुको नियत ठीक छैन', मन्त्रालयका एक अधिकारीले भने ।
तिलाको प्रवद्र्धकले यी आयोजनाबाट कति युनिट बिजुली उत्पादन हुन्छ भन्ने तथ्यांकसमेत नराखी प्रस्ताव पेस गरेको छ । प्राधिकरणले अन्य प्रवद्र्धकसित पीपीए गर्दा कुल उत्पादन हुने ऊर्जा तय गर्ने गर्छ । एक मेगावाटभन्दा माथिका आयोजनाको पीपीए गर्नुपर्दा त्यस आयोजनाले प्राधिकरणको प्रणालीमा कस्तो असर गर्छ भनी अध्ययन गर्दै आएको छ । हाल स्वदेशी निजी क्षेत्रका एक मेगावाटभन्दा माथिको आयोजना पीपीए 'टेक एन्ड पे' (प्राधिकरणले चाहेमात्र किन्ने) मा हुँदै आएको छ । तिला १ र तिला २ को पीपीए भने 'टेक अर पे' (बिजुली नलिए पनि तिर्नुपर्ने) हुँदैछ ।
ऊर्जामन्त्री रायमाझीले अर्को परस्पर विरोधी निर्णय गरेका छन् । रायमाझीले तिला १ र तिला २ को डलरमा पीपीए गर्न चटौत संयोजकत्वमा गठित समिति गठन गरेका छन् भने उनैले जलाशययुक्त र पिकिङ रन अफ रिभरको पीपीए दर तय गर्ने उनै चटौतको संयोजकत्वमा अर्को समिति बनाएका छन् । 'जलाशययुक्तको दरभाउ तय गर्दा सबै प्रकारका आयोजनाको बाटो खुल्थ्यो', मन्त्रालयका ती अधिकारीले भने, 'यो विरोधाभास भयो ।'
अन्य देशमा जस्तो नियामक निकाय नभएकाले हालसम्म ऐनले पीपीए गर्न प्राधिकरणलाई मात्र अधिकार दिएको छ । प्राधिकरणले दुई दशकअघि अमेरिकी डलरमा पीपीए गरेको खिम्ती र भोटेकोसीका कारणमात्र वर्षको पाँच अर्ब रुपैयाँ घाटा पर्दै आएको छ । त्यतिबेला डलरमा पीपीए गर्न अस्वीकार गरेका तत्कालीन कार्यकारी निर्देशक सन्तबहादुर पुनलाई तत्कालीन जलस्रोतमन्त्री पशुपतिशमशेर राणाले मन्त्रालय तानेका थिए । 'पीपीएमा डरलाग्दो कमिसनको खेल हुने भएकाले देश र प्राधिकरणको आर्थिक स्वार्थ हेरिँदैन', प्राधिकरणका एक अधिकारीले भने, 'तिलाको पीपीएमा मुलुकको ठूलो शक्ति लागिपरेको छ ।'

श्रोतः कारोबारः २०७३/०३/२२

# मध्यमर्स्याङ्दीबाट पूरा क्षमतामा विद्युत् उत्पादन

वर्षात्सँगै पानीको सतह बढेपछि ७० मेगावाट क्षमताको लमजुङको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाबाट पूरा क्षमतामा विद्युत् उत्पादन भएको छ । हिउँदको समयमा ३५ मेगावाट मात्र विद्युत् उत्पादन भएको थियो । “मर्स्याङ्दी नदीमा पानीको मात्रा कम भएकाले मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनामा जडित ३५/३५ मेगावाट क्षमताका २ वटै टर्वाइन २४ सै घन्टा चल्न सकेका थिएनन् ।” परियोजनाका प्राविधिक रामचन्द्र गौलीले भने, “लगातार परेको वर्षाका कारण मर्स्याङ्दी नदीमा मिसिने ससाना खोलामा पानीको बहाब वृद्धि भएपछि परियोजनको विद्युत् उत्पादनमा वृद्धि भएको हो ।” रन अफ द रिभर प्रविधिको यस परियोजनामा पानी कम हुँदा पानी सञ्चित गरी उत्पादन लिनुपर्ने भए पनि वर्षात्को समयमा त्यसो गर्न नपरेको मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्रका केन्द्र प्रमुख राजेशकुमार पाण्डेले बताए । उनका अनुसार जेठको अन्तिम सातासम्म परियोजनाबाट ६५ मेगावाट विद्युत् उत्पादन भएको थियो ।

वर्षायाममा पानीको बहाब बढेपछि ७० मेगावाट क्षमताको परियोजनाबाट ८० मेगावाटसम्म विद्युत् उत्पादन हुने गरेको परियोजनाले जनाएको छ ।

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/२२

# छलफल मात्रै गरेर सकियो पञ्चेश्वरको बैठक

भारतीय जलस्रोतसचिव शशिशेखर नआएपछि पञ्चेश्वर विकास प्राधिकरणको गभर्निङ काउन्सिलको चौथो बैठक छलफल मात्रै गरेर सकिएको छ । निर्णय पुस्तिका (मान्युट)मा हस्ताक्षरको अधिकारसहित भारतीय जलस्रोत मन्त्रालयका अतिरिक्त सचिव युपी सिंह बैठकमा आएका थिए । तर, प्राधिकरणको विधानले अतिरिक्त सचिवले गभर्निङ काउन्सिलको माइन्युटमा हस्ताक्षर गर्ने अधिकार नदिएको नेपाली पक्षले बताएपछि बैठक छलफलमा मात्रै केन्द्रित भएको हो ।

बैठकमा नेपालका तर्फबाट ऊर्जासचिव सुमनप्रसाद शर्मा सहभागी थिए । 'बैठकलाई औपचारिकता नदिई छलफल मात्रै भयो,' बैठकमा सहभागी एक नेपाली प्रतिनिधिले भने । व्यवस्थापन सम्बन्धमा केन्द्रित रहेर विभिन्न विषयमा छलफलहरू भए पनि कुनै निर्णय नभएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत महेन्द्रबहादुर गुरुङले बताए । बैठकमा भएका छलफललाई आगामी बैठकले निर्णय गर्ने उनले बताए । छलफलमा तीन महिना (आगामी अक्टोबर) भित्रमा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई अन्तिम रूप दिने सहमति भएको छ । भारतीय सरकारी कम्पनी वापकोसले पञ्चेश्वरको डिपिआर तयार गरी प्राधिकरणलाई बुझाइसकेको छ । प्राधिकरणले डिपिआरमाथि सुझाब दिन नेपालको ऊर्जा मन्त्रालय र भारतको जलस्रोत मन्त्रालयमा पठाइसकेको गुरुङले जानकारी दिए ।

श्रोतः राजधानी दैनिकः २०७३/०३/२३

# पञ्चेश्वरको डीपीआर अध्ययन गरिने

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाका लागि आगामी अक्टोबरसम्म विस्तृत आयोजना प्रतिवेदन (डीपीआर)लाई अन्तिम रूप दिने तयारी गरिएको छ । बुधबार सम्पन्न नेपाल र भारतका ऊर्जा सचिवस्तरीय चौथो संयुक्त बैठक (प्राविधिक रूपमा नभनिएको)मा डीपीआरलाई अन्तिम रूप दिने र सबै विषय टुंग्याउने सहमति भएको छ ।
पञ्चेश्वर विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत महेन्द्रबहादुर गुरुङले तीनतीन महिनामा सचिवस्तरीय बैठक बस्ने र समस्यालाई एकीकृत गरेर समाधान गर्ने विषयमा समेत सहमति भएको छ । नेपाल र भारतले आयोजनाबाट प्राप्त गर्ने लाभ, हानि, प्रविधिको प्रयोग, डुबान, पुनस्र्थापना र थप गर्नुपर्ने विषयलाई समेत संयुक्त बैठकले आधार तयार पारेको तथा आगामी अक्टोबरसम्म समृद्ध पार्ने लक्ष्यका साथ तत्काललाई डीपीआरको अन्तिम रूप नदिइएको गुरुङले बताए ।
विगत २३ वर्षदेखि अड्किँदै आएको सो परियोजना भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणपछि अगाडि बढाइएको हो । हालसम्म चारवटा पूर्णबैठक सम्पन्न भएका छन् । वापकोष नामक परामर्शदाताले पञ्चेश्वर बुहउद्देश्यीय आयोजनाको डीपीआर तयार पारेको छ । सो डीपीआरमा थप गर्नुपर्ने आवश्यक सुझाव दिन दुवै मुलुकका ऊर्जा एवं जलस्रोत सचिवले सरोकार भएका निकायलाई उपलब्ध गराएको थियो ।
ऊर्जा, सिँचाइ एवं जल तथा ऊर्जा आयोगको सचिवालयले समेत आवश्यक सुझाव दिए पनि थप अध्ययन गर्नुपर्ने भएकाले तीन महिना थप गरिएको प्रमुख कार्यकारी अधिकृत गुरुङको भनाइ छ । 'हामीले वापकोषको म्याद थप गरेका होइनौं, आगामी तीन महिनासम्म दीर्घकालीन हितलाई आधार बनाएर थप अध्ययन गर्न खोजेका हौं, त्यसले आयोजनालाई थप सहज बनाउने विश्वास लिएका छौं,' उनले भने ।
पछिल्लो बैठकमा प्राधिकरणको कानुनी आधारका विषयमा समेत छलफल भएको छ । दुवै मुलुकका कानुनसम्बन्धी जानकार निकायसँग छलफल गरेर आगामी बैठकमा पेस गर्ने र अन्तिम निर्णय गरिने भएको छ । लगानी जुटाउने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले कानुनी आधार खोज्ने भएकाले सो विषयमा छलफल गरिएको बताइएको छ ।
यस्तै, प्राधिकरणको मानवस्रोतको उपलब्धता, उनीहरूको हैसियत तथा प्राविधिक जनशक्तिका लागि पनि थप अध्ययन गरिनेछ । आयोजना अगाडि बढाउन सयौं प्राविधिक तथा अन्य जनशक्ति आवश्यक पर्ने भएकाले मानव संसाधनका विषयमा छलफल भएको थियो । बैठकले चालू आवका लागि पूर्वप्रस्तावित बजेटमा संशोधन गरेर ४० करोड पारित गरेको छ । यसअघि दुवै मुलुकले चालू आवका लागि ५० करोड प्रस्ताव गरेका थिए ।
भारतीय जलस्रोत सचिव शशि शेखर आन्तरिक काममा व्यस्त रहेकाले अतिरिक्त सचिव यूपी सिंह बैठकमा सहभागी भएका थिए । प्राधिकरणको कार्यादेशमा अतिरिक्त सचिवले सबै काम गर्न पाउने व्यवस्था नभएका कारण केही दिनभित्रै दुवै मुलुकका सचिवले आपसी परामर्शका आधारमा बैठकको निर्णयलाई अन्तिम रूप दिने तयारी गरिएको छ ।
दुई साताभित्रै चौथो बैठकको निर्णयले औपचारिकता पाउने गुरुङले बताए । प्राधिकरणले सो आयोजनाबाट कुल ५ हजार ४० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य प्रक्षेपण गरेको छ । त्यसमा ४ हजार ८ सय मेगावाट पञ्चेश्वरबाट तथा २ सय ४० मेगावाट विद्युत् रूपालीगाडबाट उत्पादन गरिनेछ । आयोजनाबाट प्रतिवर्ष ११ हजार ८ सय ८५ गिगावाट आवर विद्युत् उत्पादन हुनेछ ।

यस्तै, डीपीआरमा प्रस्ताव गरिएअनुसार आयोजनाको लागत ५ सय अर्ब प्रस्ताव गरिएको छ । त्यसमा नेपाल र भारतले संयुक्त रूपमा समान लगानी गर्नुपर्नेछ । त्यस्तै, महाकाली नदीको पानीको विषयमा समेत सामान्य रूपमा समान धारणा बनेको छ ।

महाकाली नदीमा वार्षिक कुल १८ हजार मिलियन क्युबिक मिटर पानी जम्मा हुने गर्छ । त्यसमा १२ मिलियन क्युबिक मिटर पानी विभिन्न रूपमा प्रयोग भइरहेको छ । बाँकी रहेको ६ हजार मिलियन क्युबिक मिटर पानीमध्ये ३ हजार ७३ मिलियन क्युबिक मिटर पानी नेपालले प्रयोग गर्नेछ भने १ हजार ९ सय २४ मिलियन क्युबिक मिटर पानी भारतले प्रयोग गर्नेछ । १ हजार १ सय ७६ मिलियन क्युबिक मिटर पानी भने नदीमा छाड्नुपर्नेछ ।

आयोजनाबाट नेपालले वार्षिक ३४ अर्ब ५० करोड प्राप्त गर्ने छ । त्यस्तै, मत्स्यपालन, कार्बन व्यापार, सिँचाइ तथा पर्यटन, जडीबुटी, फलफूलमा उल्लेख्य आम्दानी गर्न सकिने बताइएको छ ।

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/२३

# लिखु–४ र बलेफी जलविद्युत् आयोजना : अल्पकालीन पिपिएलाई दीर्घकालीन बनाइयो

*सचेन गौतम*

नेपाल विद्युत् प्राधिकरणले लिखु–४ र बलेफी जलविद्युत् आयोजनासँगको अल्पकालीन विद्युत् खरिद सम्झौता ९पिपिए०लाई दीर्घकालिन बनाएको छ । प्राधिकरण सञ्चालक समिति (बोर्ड)को ११ असारको ७३२औँ बैठकले दुई आयोजनासँगको अल्पकालीन (फल ब्याक) पिपिएलाई दीर्घकालीन (लङ टर्म) बनाउने निर्णय गरेको हो । बोर्डको निर्णयका आधारमा प्राधिकरण व्यवस्थापनले अब दुवै आयोजनाका प्रवद्र्धकसँग यसअघि गरिएको पिपिएलाई संशोधन गर्नेछ ।

प्राधिकरण विद्युत् व्यापार विभाग र योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयले फल ब्याक पिपिएका सर्त प्रवद्र्धकले पूरा नगरेकाले यसलाई संशोधन गर्न नहुने राय दिएका थिए । उनीहरूले पिपिए संशोधन गर्नुभन्दा पनि नयाँ गर्न उपयुक्त हुन सुझाब दिएका थिए । लिखु–४ को जडित क्षमता १२० मेगावाट र बलेफीको ५ मेगावाट भए पनि प्राधिकरणले ५२ दशमलव ४ र २३ दशमलव ६ मेगावाटको मात्रै फल ब्याक पिपिए गरेको थियो । संशोधनमार्फत पनि फल ब्याक पिपिएमा भएको क्षमताको मात्रै पिपिए गरिने प्राधिकरणले जनाएको छ । प्राधिकरणले लिखु–४ सँग १९ माघ ०६७ र बलेफीसँग ८ पुस ०६७ मा पिपिए गरेको थियो ।

**यस्ता थिए सर्त**

दुवै आयोजना भारतीय कम्पनी ग्रिन भेन्चरले भारतमा विद्युत् निर्यातको लक्ष्य राखी निर्माण गर्न लागेको हो । नेपाल र भारतबीच विद्युत् आदन प्रदान गर्ने ढल्केबर–मुजफ्फरपुर क्रस बोर्डर प्रसारण लाइन निर्माण सकिएको अवस्थामा २ जेठ ०७३ वा माथिल्लो तामाकोसीले व्यापारिक उत्पादन सुरु गरेको मिति जुन अगाडि हुन्छ सोही मितिसम्म मात्रै पिपिए कायम रहने व्यवस्था गरिएको थियो । भारतमा विद्युत् बिक्रीको सम्भावना नरहेको र नेपालमा विद्युत् संकट रहेको बताउँदै कम्पनीले अल्पकालीन पिपिएलाई दीर्घकालीन बनाइदिन माग गर्दै ऊर्जा मन्त्रालय र प्राधिकरणमा निवेदन दिएको थियो ।

दुवै आयोजनाको विद्युत् प्रवाह गर्ने खिम्ती–ढल्केबर २२० केभी प्रसारण लाइन नबनाइदिएको, प्रसारण लाइन शुल्क ९ह्विलिङ चार्च० तथा चुहावट निर्धारण नगरिदिएको र क्रस बोर्डर प्रसारण लाइन पूर्ण रूपमा सम्पन्न हुन बाँकी रहेकाले आयोजना बनाउन नसकेको कम्पनीको दाबी थियो । कम्पनीले राखेका सबै दाबीलाई स्वीकार गर्दै प्राधिकरण बोर्डले दुई आयोजनासँगको पिपिए संशोधन गर्ने निर्णय गरेको हो । पिपिएअनुसार दुवै आयोजनाले गत पुसमै विद्युत् उत्पादन गर्नुपर्ने थियो ।

**यसरी गरियो संशोधन निर्णय**

प्राधिकरण बोर्डले दुई आयोजनासँगको पिपिए संशोधन गर्न सञ्चालकद्वय लक्ष्मणप्रसाद अग्रवालको संयोजकत्वमा उपसमिति गठन गरेको थियो । उपसमितिले गत चैतमै प्रतिवेदन बुझाएको थियो । त्यसपछि अल्पकालीन पिपिएलाई दीर्घकालीनमा परिणत गर्दा प्राधिकरणलाई पर्न सक्ने आर्थिक, व्यापारिक र प्राविधकि प्रभाव एवं त्यसमा रहेका कानुनी पक्षको अध्ययन विश्लेषण गरी राय दिन भन्दै ऊर्जा मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा उपसमिति गठन गरिएको थियो । उपसमितिमा मन्त्रालयका कानुनका

सहसचिव कोशलचन्द्र सुवेदी र प्राधिकरणका उत्पादन निर्देशनालयका उपकार्यकारी निर्देशक शेरसिंह भाट सदस्य थिए । दुवै आयोजनासँग फल ब्याक पिपिए गर्दा भाट विद्युत् व्यापार विभागका प्रमुख थिए ।
उपसमितिले पिपिए संसोधन गर्दा प्राधिकरणलाई कुनै दायित्व नपर्ने सुझाब दिएको थियो । 'पिपिए संशोधन गर्दा प्राधिकरणलाई थप आर्थिक तथा प्राविधिक दायित्व नपर्ने र प्राविधिक रूपमा कठिनाइ नहुने देखिन्छ,' उपसमितिको प्रतिवेदनमा उल्लेख छ । उपसमितिले पिपिएमा राखिएका सर्त दुर्व पक्षले पालना नगरेको जनाएको छ । 'स्वदेशी र विदेशी दुवै मुद्रामा विद्युत् खरिद गर्नुपर्ने दायित्व स्वीकार गरिएको सम्झौताको दायित्व दुवै पक्षले परिपालना नभएको अवस्था छ, दुवै पक्षको सहमतिमा संशोधन गरी कार्यान्वयन गर्नुको सट्टा सम्झौता रद्द गर्दा आयोजना निर्माणमा ढिला हुन्छ,' प्रतिवेदनमा उल्लेख छ । सम्झौता रद्द गरी आयोजना सरकारी बास्केटमा जाने र प्रतिस्पर्धाबाट प्रवद्र्धक छनोट गर्दा समय लाग्ने उपसमितिले जनाएको छ ।

**डलरबाट रुपैयाँमा पिपिए**

दुवै आयोजनाको विद्यमान पिपिए दर ५ दशमलव ९९५ अमेरिकी सेन्ट प्रतियुनिट छ । १५ पटकसम्म वार्षिक तीन प्रतिशतले चक्रवर्ती वृद्धि दिइने पिपिएमा व्यवस्था छ । प्राधिकरणले अब आयोजनाको बिजुली नेपाली रुपैयाँमा किन्नेछ । हिउँदमा र बर्खामा प्रतियुनिट क्रमशस् ८ रुपैयाँ ४० पैसा र ४ रुपैयाँ ८० पैसामा किन्नेछ । पिपिएमा भएको व्यवस्थाअनुसार लिखु–४ ले वित्तीय व्यवस्थापन सम्पन्न (फाइनान्सियल क्लोजर) गरेको छ । बलेफीले भने गर्न सकेको छैन । बलेफीले उत्पादन अनुमतिपत्रसमेत पाएको छैन ।
प्राधिकरणले पिपिएमा भएको व्यवस्थाअनुसार दायित्व पूरा नगरेको सूचना ९नोटिस अफ डिफल्डर० बलेफी आयोजनालाई दिएको थियो । सूचना जारी गरेको ९० दिनभित्र पिपिए खारेज हुने व्यवस्था छ । सूचनासमेत दिइसकेको अवस्थामा पिपिए रद्द गर्नुपर्नेमा संशोधनको निर्णय हुनु अचम्म भएको प्राधिकरण स्रोतले बतायो । पिपिए खारेज गर्ने निर्णय भने प्राधिकरणले गरेको छैन ।
यसअघि पिपिएमा राखिएको सर्तअनुसार व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति ९आरसिओडी०को लक्ष्य पूरा गर्न असफल भएपछि प्राधिकरणले दुवै आयोजनाको परफरमेन्स ग्यारेन्टी जफत गरेको थियो । आरसिओडीभन्दा ६ महिनापछिसम्म कायम रहने गरी लिखुले प्रतिमेगावाट ६ लाखका दरले तीन करोड १४ लाख ४० हजार रुपैयाँ परफरमेन्स ग्यारेन्टी राखेको थियो । यसैगरी, प्राधिकरणले बलेफीको १ करोड ४१ लाख ६० हजार रुपैयाँ जफत गरेको थियो ।

श्रोतः नयाँ पत्रिकाः २०७३/०३/२३

# माथिल्लो भोटेकोसी जलविद्युत् आयोजनामा ठूलो क्षति

*सचेन गौतम*

भोटेकोसी नदीमा आएको बाढीले तातोपानीस्थित ४५ मेगावाटको माथिल्लो भोटेकोसी जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेको छ । बाँधलगायतका संरचनामा क्षति पुगेको हो । बाढीले बालुवा थिग्र्याउने पोखरी (डेसेन्डिङ बेसिन)को पर्खाल भत्काएको आयोजनाको प्रवद्र्धक कम्पनी भोटेकोसी पावरका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतिले बताए । 'बाढीले डिसेन्डिङ बेसिनको पर्खाल नै भत्काएको छ,' उनले भने, 'बाँधमा पनि ठुल्ठूला ढुंगा नदीले थुपारेको छ, नदीको बहाव बढ्दा विद्युत्गृहमा समेत पानी पसेर उपकरणमा क्षति पुर्‍याएको छ ।' क्षतिको विवरण संकलन भइनसकेको उनले बताए ।

गत वर्ष १२ वैशाखको भूकम्प र त्यसपछिका परकम्पले आयोजनाको विद्युत्गृह र पेनस्टक पाइपमा क्षति पुर्‍याउँदा आयोजना सञ्चालन हुन सकिरहेको थिएन । पुनर्निर्माण भइरहेका वेला बाढीले आयोजनामा पुनः क्षति पुर्‍याएको छ । 'असोजको दोस्रो साताभित्रमा पुनर्निर्माण सकेर विद्युत् उत्पादन गर्ने गरी काम भइरहेको थियो, बाढीले ठूलो क्षति पुर्‍याएकाले सबै काम प्रभावित भएका छन्,' प्रमुख प्रजापतिले भने, 'मनसुन नसकिएसम्म अब काम गर्न सक्ने अवस्था नै छैन ।' यसअघि सिन्धुपाल्चोकको जुरे पहिरोले प्रसारण लाइनमा क्षति पुर्‍याउँदा पनि आयोजनाको विद्युत् उत्पादन बन्द भएको थियो ।

**जोखिममा सुनकोसी विद्युत् केन्द्र**

बाढीले नेपाल विद्युत् प्राधिकरणको १० मेगावाटको सुनकोसी विद्युत् केन्द्रको ब्यारेजआसपासमा कटान गरिरहेको छ । 'आयोजनाका संरचना रहेको स्थानमा क्षति भएको छैन, तर बाढीले ब्यारेजआसपासमा कटौती गरिहेको छ,' केन्द्र प्रमुख सुरज दाहालले भने, 'आयोजनाको बाँधस्थलमा बाढीले ढुंगा ल्याएर थुपारेको छ ।' ६.८ मेगावाटमा सञ्चालनमा भइरहेको केन्द्रबाट विद्युत् उत्पादन बन्द भएको छ । जुरेको पहिरोले पनि केन्द्रको बाँधस्थलमा क्षति पुर्‍याएको थियो ।

**मध्यभोटेकोसीमा पनि क्षति**

बाढीले चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा निर्माण भइरहेको १०२ मेगावाटको मध्यभोटेकोसी जलविद्युत् आयोजनामा पनि क्षति पुर्‍याएको छ । आयोजनाको बाँध निर्माणस्थलतर्फ जान चाकुमा राखिएको बेलिब्रिज बाढीले बगाएको चिलिमेका प्रमुख कार्यकारी अधिकृत रामगोपाल शिवाकोटीले जानकारी दिए । 'नदीमा आएको बाढी ठेकेदारको आवासमा पनि पसेको छ, तर त्यहाँ कुनै क्षति भएको छैन,' उनले भने ।

**निरीक्षणमा गृह र वनमन्त्री**

गृहमन्त्री शक्ति बस्नेत र वनमन्त्री अग्निप्रसाद सापकोटाले समेत बाढीग्रस्त क्षेत्रको अवलोकन गरेका छन् । कोदारीदेखि सुकुटेसम्मै बाढीले कटान गरेकाले बस्ती जोखिममा देखिएको मन्त्री सापकोटाले बताए ।

मन्त्री सापकोटाका अनुसार बाह्रबिसेको पक्की पुल पनि जोखिममा देखिएको छ । 'पुललाई सपोर्ट दिइएन भने पुल पनि भत्कने जोखिम देखिन्छ,' उनले भने, 'बाह्रबिसेदेखि तातोपानीसम्म तीन स्थानमा सडक नै गायब भएको छ, नयाँ ट्र्याक नै खोल्नुपर्ने अवस्था छ ।' निरीक्षणमा क्षेत्र नम्बर १ का सांसद मोहन बस्नेत, रमेश लामा र अमृत बोहरासमेत थिए ।

श्रोतः नागरीकः २०७३/०३/२३

# पञ्चेश्वरको डिपिआरलाई अन्तिम रुप दिने तयारी

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाका लागि आगामी अक्टोबरसम्म विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)लाई अन्तिम रुप दिने तयारी गरिएको छ।

बुधबारसम्म सम्पन्न नेपाल र भारतका ऊर्जा सचिवस्तरीय चौथो संयुक्त बैठक (प्राविधिक रुपमा नभनिएको)मा डिपिआरलाई अन्तिम रुप दिने र सबै विषय टुङ्ग्याउन सहमती भएको छ। पञ्चेश्वर विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत महेन्द्रबहादुर गुरुङले तीन–तीन महिनामा सचिवस्तरीय बैठक बस्ने र समस्यालाई एकीकृत गरेर समाधान गर्ने विषयमा समेत सहमति भएको छ ।

नेपाल र भारतले आयोजनाबाट प्राप्त गर्ने लाभ, हानि, प्रविधिको प्रयोग, डुबान, पुनःस्थापना र थप गर्नुपर्ने विषयलाई समेत संयुक्त बैठकले आधार तयार पारेको र आगामी अक्टोबरसम्म समृद्ध पार्ने लक्ष्यका साथ तत्काललाई डिपिआरको अन्तिम रुप नदिइएको गुरुङले बताए। विगत २३ वर्षदेखि अड्किँदै आएको सो परियोजना भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणपछि अगाडि बढाइएको हो । हालसम्म चार वटा पूर्ण बैठक सम्पन्न भएका छन् ।

वापकोस नामक परामर्शदाताले पञ्चेश्वर बुहउद्देश्यीय आयोजनाको डिपिआर तयार पारेको छ । उक्त डिपिआरमा थप गर्नुपर्ने आवश्यक सुझाव दिन दुवै मुलुकका ऊर्जा एवम् जलस्रोत सचिवले सरोकार भएका निकायलाई उपलब्ध गराएको थियो । ऊर्जा, सिँचाइ एवम् जल तथा ऊर्जा आयोगको सचिवालयले समेत आवश्यक सुझाव दिए पनि थप अध्ययन गर्नुपर्ने भएकाले तीन महिना थप गरिएको प्रमुख कार्यकारी अधिकृत गुरुङको भनाइ छ ।

‘‘हामीले वापकोषको म्याद थप गरेका होइनौँ, आगामी तीन महिनसम्म दीर्घकालीन हितलाई आधार बनाएर थप अध्ययन गर्न खोजेका हौँ, त्यसले आयोजनालाई थप सहज बनाउने विश्वास लिएका छौँ,’’ उनले भने। पछिल्लो बैठकमा प्राधिकरणको कानुनी आधारका विषयमा समेत छलफल भएको छ । दुवै मुलुकका कानुनसँग जानकार निकायसँग छलफल गरेर आगामी बैठकमा पेस गर्ने र अन्तिम निर्णय गरिने भएको छ । लगानी जुटाउने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले कानुनी आधार खोज्ने भएकाले सो विषयमा छलफल गरिएको बताइएको छ ।

यस्तै प्राधिकरणको मानव स्रोतको उपलब्धता, उनीहरुको हैसियत तथा प्राविधिक जनशक्तिका लागि पनि थप अध्ययन गरिनेछ । आयोजना अगाडि बढाउन सयौँ प्राविधिक तथा अन्य जनशक्ति आवश्यक पर्ने भएकाले मानव संशाधनका विषयमा छलफल भएको थियो । बैठकले चालु आवका लागि पूर्व प्रस्तावित बजेटमा संशोधन गरेर रु ४० करोड पारित गरेको छ । यसअघि दुवै मुलुकले चालु आवका लागि रु ५० करोड प्रस्ताव गरेको थियो ।

भारतीय जलस्रोत सचिव शशि शेखर आन्तरिक काममा व्यस्त रहेकाले अतिरिक्त सचिव यूपी सिंहले बैठकमा सहभागी थिए। प्राधिकरणको कार्यादेशमा अतिरिक्त सचिवले सबै काम गर्न पाउने व्यवस्था नभएका कारण केही दिनभित्रै दुवै मुलुकका सचिवले आपसी परामर्शका आधारमा बैठकको निर्णयलाई अन्तिम रुप दिने तयारी गरिएको छ।

“दुई साता भित्रै चौथो बैठकको निर्णयले औपचारिकता पाउने छ,’’ गुरुङले भन्नुभयो । प्राधिकरणले सो आयोजनाबाट कुल पाँच हजार ४० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य प्रक्षेपण गरेको छ । त्यसमा चार हजार ८०० मेगावाट पञ्चेश्वरबाट तथा २४० मेगावाट विद्युत् रुपालीगाडबाट उत्पादन गरिनेछ । आयोजनाबाट ११ हजार ८८५ गिगावाट आवर विद्युत् प्रतिवर्ष उत्पादन हुनेछ ।

यस्तै डिपिआरमा प्रस्ताव गरिएअनुसार आयोजनाको लागत रु ५०० अर्ब प्रस्ताव गरिएको छ । त्यसमा नेपाल र भारतले संयुक्त रुपमा समान लगानी गर्नुपर्नेछ । त्यस्तै, महाकाली नदीको पानीको विषयमा समेत सामान्य रुपमा समान धारणा बनेको छ ।
महाकाली नदीमा वार्षिक कुल १८ हजार मिलियन क्युबिक मिटर पानी जम्मा हुने गर्दछ । त्यसमा १२ मिलियन क्युबिक मिटर पानी विभिन्न रुपमा प्रयोग भइरहेको छ । बाँकी रहेको छ हजार मिलियन क्युबिक मिटर पानीमध्ये तीन हजार ७३ मिलियन क्युबिक मिटर पानी नेपालले प्रयोग गर्नेछ भने एक हजार ९२४ मिलियन क्युबिक मिटर पानी भारतले प्रयोग गर्नेछ । एक हजार १७६ मिलियन क्युबिक मिटर पानी भने नदीमा छाड्नुपर्नेछ।
आयोजनाबाट नेपालले वार्षिक रु ३४ अर्ब ५० करोड प्राप्त गर्ने छ भने मत्स्यपालन, कार्बन व्यापार, सिँचाइ तथा पर्यटन, जडीबुटी, फलफूलमा उल्लेख्य आम्दानी गर्न सकिने बताइएको छ। *रमेश लम्साल/रासस*

श्रोतः नागरीकः २०७३/०३/२३

# अाँखुखाेला कम्पनीले ८ लाख कित्ता साधारण सेयर जारी गर्ने

आँखुखोला जलविद्युत् कम्पनीले ८ लाख कित्ता साधारण सेयर जारी गर्ने भएको छ।

कम्पनीले धितोपत्र बोर्डमा साधारण सेयर जारी गर्नका लागि आवेदनसमेत दिइसकेको छ। आयोजनाका प्रबन्धनिर्देशक विश्वनाथ कँडेलले कम्पनीले प्रतिकित्ता रु. १ सय अङ्कित मूल्यका ८ लाख कित्ता साधारण सेयर जारी गर्न लागिएको जानकारी दिनुभयो ।

धादिङको मार्पाकमा आँखुखोलामा निर्माण गरिएको आँखु खोला जलविद्युत् आयोजनाले ८.४ मेगावाट विद्युत् उत्पादन गरिरहेको छ। धितोपत्र बोर्डले भने आगामी साउनमा साधारण सेयर जारी गर्र्न अनुमति दिने तयारी गरेको छ।

यस्तै सोही कम्पनीले २५.४ मेगावाट क्षमताको सुपर आँखुखोला जलविद्युत् आयोजना निर्माण गर्ने जनाएको छ। धादिङको लापा र सेर्तुङ गाविसमा आयोजनास्थल रहेको सो आयोजना आगामी हिउँदबाट निर्माण गरिने कँडेलको भनाइ छ। आयोजनाको कुल लागत रु. ४ अर्ब ३७ करोड रहेको छ।

कम्पनीले विद्युत् खरिद बिक्रीका लागि नेपाल विद्युत् प्राधिकरणमा निवेदन दिइसकेको छ । रासस

श्रोतः राजधानी दैनिकः २०७३/०३/२४

## आँखुखोलाले ८ लाख कित्ता सेयर जारी गर्ने

काठमाडौं÷रास– आँखुखोला जलविद्युत् कम्पनीले ८ लाख कित्ता साधारण सेयर जारी गर्ने भएको छ । कम्पनीले धितोपत्र बोर्डमा साधारण सेयर जारी गर्नका लागि आवेदनसमेत दिइसकेको जनाएको छ ।

आयोजनाका प्रबन्ध निर्देशक विश्वनाथ कँडेलले कम्पनीले प्रतिकित्ता १ सय अंकित मूल्यका ८ लाख कित्ता साधारण सेयर जारी गर्न लागिएको जानकारी दिए । धादिङको मार्पाकस्थित आँखुखोलामा निर्माण गरिएको आँखुखोला जलविद्युत् आयोजनाले ८ दशमलव ४ मेगावाट विद्युत् उत्पादन गरिरहेको छ । धितोपत्र बोर्डले भने आगामी साउनमा साधारण सेयर जारी गर्र्न अनुमति दिने तयारी गरेको जनाएको छ ।

यस्तै, सोही कम्पनीले २५ दशमलव ४ मेगावाट क्षमताको सुपर आँखुखोला जलविद्युत् आयोजना निर्माण गर्ने जनाएको छ । धादिङको लापा र सेर्तुङ गाविसमा आयोजनास्थल रहेको सो आयोजना आगामी हिउँदबाट निर्माण गरिने कँडेलको भनाइ छ ।